मैले आफ्नो पश्चात पुरुषहरूका लागि महिलाहरू भन्दा बढी हानिकारक कुनै फितना (प्रलोभन) छोडेको छैन ।

उसामा बिन जैद (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : "मैले आफ्नो पश्चात पुरुषहरूका लागि महिलाहरू भन्दा बढी हानिकारक
कुनै फितना (प्रलोभन) छोडेको छैन ।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, उहाँले आफ्नो पछि पुरुषको लागि महिला भन्दा बढी हानिकारक कुनै पनि परीक्षा र प्रलोभन छोड्नु भएको छैन । यदि महिला आफ्नो परिवारको हो भने, उसले शरियतको अवज्ञा गर्दा पुरुषलाई हानि हुन्छ र यदि उनी पर स्त्री हुन् भने, उनको संगत, एकान्तमा भेट्न र त्यसबाट उत्पन्न हुने दुष्टताको कारणले उसलाई हानि हुन्छ ।

https://sunnah.global/hadeeth/ne/show/5830